नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : २०७५।३।३०

## प्रेस विज्ञप्ति

नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित विषयहरुको कार्यान्वयन गर्ने सम्बन्धमा विभिन्न मन्त्रालयहरुले तयार गरेको कार्यान्वयन कार्ययोजना प्रस्तुतीकरणको दोश्रो भाग अन्तर्गत आज मिति २०७५ साल असार ३० गतेका दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत १३ वटा निकायका सचिवज्यूहरुले आ-आफ्ना मन्त्रालय/निकायका कार्ययोजनाहरु प्रस्तुत गर्नु भयो । कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय उपप्रधानमन्त्रीज्यूहरु र सबै मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, सचिवज्यूहरु लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

आज प्रस्तुत गरिएका विभिन्न मन्त्रालय/निकायका कार्ययोजनामा सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धी प्रमुख क्रियाकलापहरु, माइलस्टोनहरु, समयसीमा, प्रमुख सूचकहरु, कार्यान्वयनको लागि प्रमुख जिम्मेवार निकायहरु र सहयोगी निकायहरु लगायतका विषयहरुमा जोड दिइएको छ । कार्ययोजनामार्फत सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा प्रभावकारिता बढ्नुका साथै कार्यान्वयनको विभिन्न चरणको अनुगमनको सुनिश्चितता समेत हुने अपेक्षा लिइएको छ ।



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८७, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

कार्ययोजना प्रस्तुतीकरण कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले सबै निकायहरुले एक-अर्कालाई बुझ्ने र सहकार्य गर्ने अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । सम्माननीय प्रधानमन्त्रीज्यूले अहिले जसोतसो कार्यकाल पूरा गर्ने वा नोकरी अवधि पूरा गर्ने अवस्थामा नभएर देश निर्माणको जिम्मा आफ्नै काँधमा लिने अवस्थामा छौं । विकास-निर्माण, सुशासन, र समृद्धिमा जोड दिँदै वहाँले भ्रष्टाचार नारामा आयो व्यवहारमा आउन सकेन भन्ने आम नागरिकको भनाईप्रति हामी गम्भीर हुनै पर्नेमा जोड दिनुभयो । भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहको प्रभावकारिता पनि सँगसँगै जानुपर्नेमा समेत जोड दिँदै जनताका आशा र अपेक्षा अनुरुप न्यायालयलाई सवल, मर्यादित र प्रभावकारी बनाउनुपर्दछ भन्नु भयो ।

प्रशासनिक संरचनाहरुलाई अर्नामेन्टको रुपमा होइन कामयावी एवम् युगले मागेको संरचनाको रुपमा राख्नु पर्दछ, आवश्यकता अनुसार संरचनाहरुको पुनःसंरचना एवम् खारेज गरिनु पर्दछ भन्नु भयो । सूचना तथा प्रविधिका क्षेत्रमा आमूल परिवर्तन तर्फ जोड दिँदै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई 4G सेवा यथाशीघ्र देशभर संचालनमा ल्याउन तथा सामाजिक सञ्जाललाई व्यवस्थित र मर्यादित बनाउन निर्देशन दिनु भयो ।

सम्मानीय प्रधानमन्त्रीज्यूले सबैभन्दा पहिले भुकम्पका कारण प्लाष्टिकमुनि बसेका जनतालाई छानामुनि लैजाने कार्यक्रमलाई प्राथमिता दिनुपर्ने बताउँदै मानिस बस्ने वासको व्यवस्था संगै ऐतिहासिक सम्पदा एवम् धार्मिक सम्पदाहरुको पुनर्निर्माण गर्ने र त्यसो गर्दा Build-Better को सिद्धान्त अनुरुप उस्तै तर अझ बलियो निर्माण गर्नेमा जोड दिनुपर्छ भन्नु भयो । विकास र समृद्धिको लागि सरदर गतिमा हिंडेर होइन की हाम्रो गतिलाई तिव्ररुपमा अगाडी बढाउनु जरुरी

(2)

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

छ भन्दै हामी सरकारसँगै जनता र जनताका प्रतिनिधिलाई विकासका काममा सँगै अगाडी लिएर बढ्नु पर्नेमा जोड दिनु भयो ।

राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय एवम् सम्वद्ध निकायहरु आगामी १५ औं आवधिक योजनाको तयारीमा जुट्न समेत निर्देशन दिनु भयो । सवै निकायहरुले साउन १ गतेदेखि नै आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटको कार्ययोजना मुताविकको कार्यान्वयनमा लाग्नुका साथै आ.व. २०७६/७७ को नीति कार्यक्रम एवम् बजेट निर्माणको चरणमा जुट्न समेत निर्देशन दिनु भयो । विद्यालय भर्ना अभियान, एक नेपाली एक फलफूलको विरुवा रोप्ने अभियानलाई केवल एक दिनको कार्यक्रममा मात्र सीमित नराखी कार्ययोजनाका साथ अभियानको रुपमा नै अगाडी बढाउनको लागि ध्यानाकर्षण गराउनु भयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले विकासका प्रयासहरुलाई Isolated Form मा होइनकी एकीकृत रुपमा अगाडी लैजानु पर्दछ भन्दै हाम्रा कार्यक्रम र क्रियाकलापहरु रोजगारी सृजना गर्ने, उत्पादन र उत्पादकत्व बढाउने एवम् उपलब्धि दिनेतर्फ अग्रसर हुनु पर्दछ भन्नु भयो । वहाँले चुरे क्षेत्रको संरक्षणलाई उच्च प्राथमिकता दिई उपयुक्त प्रजातीका वृक्षारोपणमा समेत ध्यान दिनुपर्ने बताउनु भयो ।

बजार मूल्य आकासिएको, बजारमा कृत्रिम अभाव भएको, उपभोग्य वस्तुमा शुद्धता नभएको भन्ने आम नागरिकका गुनासोप्रति सजग रहँदै बजार अनुगमनलाई यथाशीघ्र प्रभावकारी रुपमा अगाडी बढाउन र दोषीलाई कारवाही गर्न समेत निर्देशन दिनु भयो । कृषि उत्पादनः अन्नवाली एवम् तरकारीमा रहेको कृषक एवम् उपभोक्तावीचको मूल्य अन्तरलाई कम गर्नको लागि बजार



टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

अनुगमनलाई प्रभावकारी बनाउन र पेट्रोलियम पदार्थको संचित क्षमतालाई बढाउन समेत निर्देशन दिनुभयो ।

विकासका लागि अवरोधक एवम् बस्नका लागि असुरक्षित बस्तीहरुलाई प्रदेश सरकार एवम् स्थानीय सरकारको समेत सहकार्य र सहयोगमा बस्ती स्थानान्तरणलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा अगाडी बढाउन निर्देशन दिनु भयो । उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले खरिद गरी ल्याएका विमानहरुलाई यथाशीघ्र संचालनमा ल्याउन समेत निर्देशन दिनुभयो ।

कार्यक्रमको अन्तमा सम्माननीय प्रधानमन्त्रीज्यूले हाम्रो प्रशासनिक संयन्त्रलाई चुस्त, दुरुस्त र गतिशील बनाउँदै सेवा प्रवाह र विकास निर्माणप्रति प्रतिवद्ध भई राजनैतिक दल लगायतका सबै संस्थासँग हातेमालो गर्दै जनताको सेवामा ध्यान दिन जनतालाई आशा जगाउने किसिमका कार्यक्रम कार्यान्वयनमा जोड दिन निर्देशन दिनु भयो । सम्माननीय प्रधानमन्त्रीज्यूले सबै मन्त्रालयहरुले प्रस्तुत गरेका कार्ययोजनाहरुमा यहाँ दिइएका सुझावहरुलाई समेत समावेश गरेर अगाडी बढ्न निर्देशन दिनुभयो ।

2064/3/20

(विनोदबहादुर कुँवर)
प्रवक्ता




टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np